# सूर्मा गाउँपालिका

## अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालन कार्यविधि, २०७५

गाउँसभामा पेस गरिएको मिति-:२०७५।०३।१२

प्रमाणित गरिएको मिति-:२०७५।०३।१२

सूर्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय दौलिचौर, बझाङ्ग ।

प्रदेश नं ७ नेपाल

CS CamScanner

# अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष)
# सञ्चालन कार्यविधि, २०७५

प्रमाणिकरण मिति:-२०७५।० ।

१. **प्रस्तावना:** गाउँपालिका भित्रका युवाहरु रोजगारीका लागि विदेशिने वा शहर प्रवेश गर्ने प्रवृति बढ्दै जाँदा स्थानीय रुपमा उपलब्ध श्रोत तथा साधन उपयोग नहुने, उत्पादकत्व कम हुने, घरघरमा युवाहरु होईन बृद्धवृद्धा र केटाकेटी सहितका महिलाहरु मात्र बाँकी रहने अवस्था सिर्जना भएको छ । यस्तो प्रवृतिले गाउँपालिकाको दिर्घकालिन विकासमा अवरोध सिर्जना भएको छ । यसलाई परिवर्तन गरी स्थानीयस्तरमा उपलब्ध स्रोत तथा जनशक्तिको प्रयोग गरी यहीं रोजगारीका अवसर सिर्जना गर्दै गरिवी न्युनीकरण गर्ने र दिगो विकासको लक्ष हाँसिल गर्न युवाहरुमा रहेको क्षमता र सीपको अधिकतम उपयोग गर्ने गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ तथा सूर्मा गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्न बनेको ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार अन्तर्गत रहि पारित "अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालन कार्यविधि २०७६" स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

२. **संक्षिप्त नाम र प्रारम्भ:**

क) यो कार्यविधिको नाम "अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) २०७६सञ्चालन कार्यविधि " रहेको छ ।

ख) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ । ·

३. **परिभाषा :-** विषय र प्रसङ्गले अर्को नलागेमा यस कार्यविधिमा :-

क) अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम भन्नाले बढ्दो :बेरोजगारीको लागि विदेश प्लायन तथा वसाँइसराईलाई न्युनीकरण गरी स्थानीय रोजगारीका अवसरहरुलाई प्रवर्धन गर्न अनुदान सहितको सूर्मा गाउँपालिकाबाट यस कार्यविधिको अधिनमा रही संचालित युवा स्वरोजगार कार्यक्रमलाई सम्झनु पर्छ ।

ख) युवा स्वरोजगार कोष भन्नाले भित्रका लगानी क्षमता न्युन भएका गाउँपालिका सूर्मा -: तथा नभएका युवा शक्तिलाई स्वरोजगार बनाउन गाउँपालिकाबाट स्वरोजगार कोषमा जम्मा संकलित रकम तथा स्वरोजगार बनाउन अन्य दातृ संघसंस्थाबाट प्राप्त रकम जम्मा गरी खडा गरिएको कोषलाई सम्झनु पर्दछ ।।

४. **कार्यविधि भन्नाले गाउँपालिका सूर्मा** -:अन्तर्गत सञ्चालित "अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम २०७६सञ्चालन कार्यविधि (युवा स्वरोजगार कोष)" लाई सम्झनु पर्दछ ।

ग) समिति भन्नाले भित्र गठित युवा स्वरोजगार कोष संचालक समिति भन्ने गाउँपालिका -: सम्झनु पर्दछ ।

घ) परियोजना भन्नाले युवा स्वरोजगार कार्यक्रमको लागि तयार पारिएको प्रस्ताव वा संचालित कार्यक्रमलाई वुझ्नु पर्दछ ।

ङ) कार्यक्रमका लक्षित वर्ग भन्नाले ४०देखी , १८स्थायी वसोवास गर्ने भित्रगाउँपालिका -: वर्ष भित्रका गरिबीको रेखामूनी रहेका, विपन्न, लगानी क्षमता न्युन भएका युवावर्ग भनी वुझ्नु पर्दछ ।

च) **अनुदान भन्नाले** -:गाउँपालिका भित्र परियोजना संचालन गर्ने गरी छनौट भएका युवाहरुलाई प्रदान गरिने रु ५० हजार सम्मको नगद तथा जिन्सी भन्ने वुझ्नु पर्दछ ।

छ) अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम भन्नाले युवालाई लक्षित लाभ हुने बेरोजगारी न्यूनीकरण गरी युवालाई स्वरोजगार बनाउन सञ्चालन गरिने योजनाको प्रमुख भई काम गर्ने गाउँपालिका अध्यक्ष सहितको गठन समितिलाई सम्झनुपर्छ ।

ज) **कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमको मुख्य उद्देश्य सूर्मा गाउँपालिका भित्रका युवाहरुलाई स्थानीय स्तरमा उपलब्ध हुने स्रोत साधनको उपभोग गर्न लगाई स्थानीय स्थतरमा नै रोजगारीका अवसर सृजना गराई युवाहरुलाई विदेश प्लायन हुने नदिने, लागुऔषध, दुर्व्यसनीको शिकार हुन नदिने हो । थप उद्देश्य देहायबमोजिम छन्:

- युवाहरुमा उद्यमशीलताको विकास गर्ने ।
- युवाहरुमा भएको ज्ञान, सीपलाई स्थानीय स्तरमा प्रयोग गर्न लगाई रोजगारीको अवसर प्रदान गर्ने ।
- स्थानीय स्रोत साधनको प्रयोग गर्न लगाई युवाहरुको भूमिकालाई महत्वपूर्ण भूमिकाको रुपमा स्थापित गर्ने ।
- युवाहरुलाई विदेश तथा खाडी मुलुकहरुमा प्लायन हुनबाट रोक्ने,
- युवाहरुलाई विदेश भन्दा गाउँमै रोजगारी गरी आयआर्जन गर्न सकिन्छ भन्ने भावना युवाहरुमा दिलाउने ।
- युवाहरुबाट स्थानीय स्रोतको उच्चतम् प्रयोग गराई ग्रामीण अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने ।
- बेरोजगार युवाहरुमा हुने लागुऔषध दुर्व्यसनीलाई न्युनीकरण गराई सामाजिक विकासमा युवाहरु परिचालन गर्ने ।
- विकास निर्माणका लागि दिगो पारदर्शी बनाउन युवाको महत्वपूर्ण भूमिकाको पहल गर्ने ।

## परिच्छेद–२

## समिति गठन :-

४. १. **कोष संचालक समिति :-** अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालनका लागि गाउँपालिकाको अध्यक्षको नेतृत्वमा तपशिल बमोजिमको स्वरोजगार कोष सञ्चालक समिति गठन गरिने छ:

| | |
|---|---|
| क) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | सह–संयोजक |
| ग) युवा सञ्जाल युवा सम्बन्धी काम गर्ने संघसंस्थाको प्रतिनिधि एक जना | सदस्य |
| घ) गाउँपालिकाको लेखा अधिकृत वा लेखासम्बन्धी काम गर्ने लेखापाल | सदस्य |
| ङ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

४.२ प्रस्तावहरु पेस गर्न सक्ने: युवाहरुलाई स्वरोजगार बनाउन युवा सम्बन्धी क्षेत्रमा कार्य गर्ने स्थानीय संघ संस्था वा लक्षित वर्गभित्र परेका युवाहरुले कार्यक्रम र सञ्चालन गर्ने प्रस्ताव पेश गर्न सक्नेछन् ।(गाउँपालिकाले प्रस्ताव पेस गरेमा)

४.३ प्रस्तावहरुको मूल्याङ्न तथा स्वीकृति समिति: अध्यक्षसँग युवा स्वरोगजार कार्यक्रम युवा स्वरोजगार कोष० सञ्चालनका लागि गाउँपालिकाको अध्यक्षको नेतृत्वमा तपसिलबमोजिमको स्वरोजगार कोष मार्फत अनुदान वितरण तथा प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति गठन गरिनेछ:

| | |
|---|---|
| क) गाउँपालिकाको अध्यक्ष | संयोजक |
| ख) गाउँपालिका अध्यक्षले मनोनित गरेको युवासम्बन्धी क्षेत्रमा काम गर्ने संघ संस्थाको प्रतिनिधि वा कानूनी सल्लाहकारबाट १ जना | सदस्य |
| ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

५. **प्रस्तावहरुको मुल्यांकन तथा स्वीकृति समति :-** अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालनका लागि गाउँपालिका अध्यक्षको नेतृत्वमा तपशिल वमोजिमको स्वरोजगार कोषमार्फत अनुदान वितरण तथा अनुगमन  तपशिल वमोजिमको प्रस्ताव मुल्यांकन तथा छनौट समिति गठन गरिने छ ।

| | |
|---|---|
| क) अध्यक्षले तोकेको व्यक्ति | संयोजक |
| ख) सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत वा योजना शाखा प्रमुख | सदस्य |
| घ) अध्यक्षले तोकेको कार्यपालिका सदस्य १ जना | सदस्य |
| ङ) छनौट समितिको प्रतिनिधि १ जना | सदस्य |

परिच्छेद ३

कार्यक्रम सञ्चालन प्रक्रिया

५.१ प्रस्ताव आह्वान: १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेका लक्षित वर्गका युवाहरुले एवं युवा सम्बन्धी कार्य गर्ने, संघ संस्थाहरुमध्ये स्वरोजगार कोषबाट अनुदान तथा कार्यक्रम योजनाहरु प्राप्त गर्न सक्नेछन् । कार्यक्रमको विस्तृत विवरण स्थानीय सञ्चार माध्यम, पत्रपत्रिकामा सूचना प्रकाशित गरिनेछ । कार्यक्रमको प्रस्तावको सूचना प्रकाशित भई सकेपछि अनुदान वा योजना परियोजना माग गर्ने युवा वा संघसंस्थाहरुले अनुसुची १ र २ को ढाँचामा अनुदान सहयोग वा कार्यक्रम योजना मागका लागि आवेदनपत्र सहित संक्षिप्त कार्ययोजनाको प्रस्ताव पेश गर्नुपर्नेछ । अनुसुची १ को ढाँचामा स्थानीय स्तरमा सूचना प्रकाशित गरिनेछ ।

२. अनुदान सहयोग वा कार्यक्रमको सूचना सार्वजनिक भएको मितिले ३० दिनभित्र सहभागी हुन चाहने युवा वा संघ संस्था आफूले गर्न चाहेको काम, पेसा, व्यवसाय खुलाएर अनुमानित लागत थप रकम अनुदान सहयोग आवस्यक पर्ने भए त्यसको स्रोत सम्भावित आय, त्यसको प्रभाव र त्यसबाट हुने लाभ, स्वरोजगार हुने अवस्थासमेत वडा अध्यक्षको सिफारिससहित गाउँ कार्यपालिकामा आवेदन दिनु पर्नेछ ।

३. आवेदनउपर आवस्यक छानविन गरी निवेदकको निवेदन उचित ठहरिएमा युवाहरुलाई सामुहिक भेला गराई कार्यक्रमको उद्देश्य सञ्चालन विधिबारे जानकारी गराईनेछ ।

४. कार्यक्रम सम्बन्धी तोकिए भन्दा बढी निवेदन पर्न आएमा छनौट समितिले निर्णय गरेबमोजिम हुनेछ ।

५.स्वरोजगार सम्बन्धी कार्यक्रमको लागि सहभागी हुने निवेदक सूर्मा गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

६. यस कार्यक्रमभित्रको अनुदान प्राप्त गर्ने वा परियोजना माग गर्ने योजनाहरु यस गाउँपालिका भित्रै मात्र सञ्चालन हुनेछन् ।

७. रोजगार सम्बन्धी अनुदान सहयोग वा कार्यक्रम प्राप्त गर्ने गाउँपालिकाबाट एकपटक आर्थिक अनुदान वा योजना लिईसकेपछि अर्को पटक योजना वा अनुदान प्राप्त गर्न पाउने छैनन् ।

परिच्छेद-४

विविध :-

६. प्राथमिकता दिनुपर्ने :- कार्यक्रममा सहभागी गराई अनुदान वा कार्ययोजना अनुरुप योजना उपलब्ध गराउनका लागि वर्गीय, आर्थिक अवस्था, कार्य दक्षता, सीप, ज्ञानका आधारमा प्राथमिकता तोकिनेछ । वर्ग विश्लेषणको आधारमा विज्ञहरुको राय, सुझाव, आर्थिक स्थितिकरण,

सर्वेक्षण (गाउँपालिका प्रोफाईल) समग्र रुपमा आर्थिक विपन्नता अनुसार समावेशी प्रतिनिधित्व महिलाको कम्तिमा ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्ने गरी गाउँपालिकाले योजना वा अनुदान उपलब्ध गराउनेछ ।

७. **अनुदान वा योजना सञ्चालन प्रक्रिया:** निवेदकहरुको प्राप्त निवेदनका आधारमा छनौट दिनमिल्ने अनुदान वा योजनाका लागि १५ दिनभित्र ३० प्रतिशत रकम वा योजनाको किस्ता उपलब्ध गराईने छ । कामको प्रगतिको आधारमा दोस्रो किस्ता ४० प्रतिशत र अन्तिम ३० प्रतिशत गरी अनुदान वा योजनाको रकम भुक्तानी गरिनेछ ।

८. योजना छनौट भई आएका वा योजना सञ्चालनका लागि प्रस्ताव पेश हुन आएका योजना वा प्रस्तावका विविध पक्षहरुका बारेमा ज्ञान, सीप दिलाउन गाउँपालिकाले अभिमुखीकरण तालिम संचालन गरी सहभागीलाई सक्षम बनाउनेछ ।

९. ज्ञान, सीप तथा क्षमताका आधारमा केही गर्न चाहने युवाहरुका लागि गाउँपालिकाले विभिन्न संघ संस्थाको सहयोगमा तालिम प्रशिक्षणको व्यवस्था गर्नेछ । सोका आधारमा अनुदान वा परियोजना सञ्चालन गर्नुपर्नेछ ।

१०. **वडागत अनुगमन:** कोष सञ्चालक समितिले कार्यक्रम अनुगमनका लागि सम्बन्धित वडा समितिलाई निर्देशन दिनसक्नेछ । सम्बन्धित वडा अध्यक्षले अनुदान लिएको रकम वा परियोजनाको अनुगमन गरी गाउँपालिका अध्यक्षलाई प्रतिवेदन दिनुपर्ने छ ।

११. **दुरुपयोग रोक्ने:** अनुदान रकम वा परियोजना सञ्चालनमा हुन सक्ने दुरुपयोग कार्यलाई गाउँपालिकाले रोक्नका लागि नीति नियम अवलम्बन गर्नेछ । अनुदान लिई दुरुपयोग गर्नेको हकमा निजलाई गाउँपालिकाबाट दिईने सेवा सुविधाबाट समेत वञ्चित गराउन सक्नेछ । अनुदान वा परियोजना सञ्चालनका लागि करार पत्रमा हस्ताक्षर गर्न लगाईनेछ । प्रतिबद्धता पत्रमा सहिछाप गर्नपर्नेछ ।

१२. **अवधि:** कार्यक्रम प्रभावकारिता, पारदर्शिता तथा दिगो व्यवस्थापन पक्षलाई हेरी कोष व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले कार्यक्रम स्थगन वा म्याद थपघट गर्न सक्नेछ ।

१३. **प्रचलित कानून लागु हुने:** कार्यक्रम कार्यान्वयनको लागि प्रचलित कानूनमा उल्लेख भएबमोजिम बाहेक कार्यक्रमको हकमा यसै कार्यविधिबमोजिम कार्यान्वयन हुनेछ ।

१४. **कार्यविधि संशोधन तथा परिमार्जन:** सूर्मा गाउँपालिकाले यस कार्यविधिमा आवश्यक परियोजना एवं संशोधन गर्न सक्नेछ ।

१५. **बाधा अड्चन फुकाउ:** सूर्मा गाउँ कार्यपालिकाले यस कार्यविधि अन्तर्गत सञ्चालन हुने परियोजना वा अनुदान कार्य सञ्चालनका लागि आवश्यक बाधा अड्चन फुकाउ गर्न सक्नेछ ।



CS CamScanner

# अनुसूची – १

## अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम, युवा स्वरोजगार कोषवाट स्वरोजगार कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना को ढाँचा

### अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :- ....................................

यस कार्यालयको आ.व. २०..../....... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई अध्यक्षसँग युवा स्वरोजगार (युवा स्वरोजगार कोष) मार्फत स्वरोजगार प्रर्वद्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक १८ देखी ४० वर्ष उमेरमा अर्ध वेरोजगार/बेरोजगार यस गाउँपालिकामा स्थायी वसोवास गर्ने युवाहरुले पेश गर्ने गरी यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र तोकिएको ढाँचामा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजाहरु संलग्न राख्न समेत यसै सुचना द्वारा सुचित गरिन्छ ।

१. अनुसुची २ अनुसारको आवेदन फाराम

२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

४. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदिको) प्रतिलिपिहरु

५. कार्यविधि गाउँपालिकाको वेवसाईट :- www............................... मा हेर्न सकिनेछ ।

६. थप जानकारीका लागि सम्पर्क :- ................................... र इमेल :-

नोट :- यस सुचनामा उल्लेख भए वाहेकका विषयमा प्रचलित कानुन र गाउँ कार्यपालिकको निर्णय वमोजिम हुनेछ ।

अनुसूची – २

## अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम , युवा स्वरोजगार कोषबाट अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यु,
सूर्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दौलिचौर, बझाङ्ग ।

विषय :- अनुदान सहयोग उपलब्ध गराईदिने बारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .......................................... कार्य गर्न तिव्र इच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धित गाउँपालिका भित्रै रही कार्य गर्नेछु । पुनश्च:- तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु । तपशिल :-

१. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. गर्न चाहेको पेशा व्यवसाय सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, घरजग्गा भाडा सम्झौतापत्र आदि ) को प्रतिलिपिहरु
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोर्टको प्रतिलिपि
६. परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव
७. पर्यावरणीय असरको न्युनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्वन्धी विवरण
८. कार्यक्रम कार्यन्वयन गर्ने प्रतिवद्धता

निवेदक
नाम :-
दस्तखत:
ठेगाना :-

अनुसूची ३

अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम , युवा स्वरोजगार कोषबाट अनुदान प्राप्त गर्नेको लागि पेश गरिने संक्षिप्त व्यावसायिक कार्ययोजना :

गर्न चाहेको पेशा व्यवसायको नाम : सम्पर्क नम्बर :- ठेगाना :

बझाङ्ग जिल्ला सूर्मा गाउँपालिका वडा नं. .......... टोल :- ..............................

पेशा/व्यवसाय गरिने स्थान :-

व्यवसायिक हुन गरिने पेशा, व्यवसायको कार्यविवरण :-

| क्र सं | सञ्चालन गरिने कियाकलापहरु | अपेक्षित अनुदान सहयोग रु | निजी लगानी रु | जम्मा लगानी रु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

पेशा व्यवसाय गर्ने व्यवसायिले न्युनतम अनुदान रकम बराबरको रकम प्रस्तावित योजनामा समावेस गर्नुपर्नेछ ।

१. व्यवसाय विगत कति वर्षदेखि निरन्तर गरिरहेको हो :- वर्ष ..................... महिना ...........

२. पेशा/व्यवासयाको किसिम :-

३. पेशा/व्यवसायको कुला लागत :-

४. पेशा/व्यवसायवाट लाभान्वित परिवार संख्या :-

५. पेशा/व्यवसाय गरेको जग्गा को कुल क्षेत्रफल :-

६. पेशा/व्यवसायका प्रयोग हुने प्रविधि :-

९. पेशा/व्यवसायको लागि श्रमको व्यवस्थान :-

क. पारिवारिक :- महिला संख्या :- ................, पुरुष संख्या :- .............

ख. वाहिरवाट :- महिला संख्या :- ................, पुरुष संख्या :- .............

१०. उत्पादित वस्तुको बजार :- अपेक्षित वार्षिक प्रतिफल :- स्वरोजगार कोषबाट अनुदान प्राप्त गर्ने तर्फबाट सहि गर्ने :-

नाम: संस्थाको छाप :-

दस्तखत :- मिति :-



CS CamScanner

अनुसूची – ४

अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम, युवा स्वरोजगार कोषबाट अनुदान प्राप्त गर्ने युवा संग कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र :-

सूर्मा गाउँपालिका मार्फत संचालन गरिने चालु आ.व. ............ को स्वीकृत अध्यक्षासँग युवा स्वरोजगार कार्यक्रम संचालन गर्ने सूर्मा गाउँ कार्यपालिकाको कार्यालय (यस भन्दा पछाडी पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका युवा श्री/सुश्री/श्रीमती ............................................ (यस भन्दा पछाडि दोश्रो पक्ष भनिने) बीच तपसिलका कार्यक्रम संचालनका लागि द्विपक्षिय सम्झौता गरी बुझिलियौं/दियौं ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आफु स्वरोजगार हुनको लागि अवलम्बन गर्ने पेशा व्यवसायको लागि आवस्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ............................................ व्यवसाय सञ्चालन गर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछन् ।

४. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| सूर्मा गाउँपालिकाको तर्फबाट सहि | युवा उधमीतर्फबाट सहि |
| नाम :- | नाम :- |
| पद:- | पद :- |
| दस्तखत :- | दस्तखत:- |
| मिति:- | मिति :- |
| सम्पर्क फोन नं.:- | सम्पर्क फोन नं.:- |
| कार्यालयको छाप :- | औठाको छाप :- |
| | दायाँ     बायाँ |

## अनुसुची–५

अध्यक्षसँग युवा स्वरोजगार कार्यक्रम, युवा स्वरोजगार कोषबाट अनुदान प्राप्त गर्ने युवा छनौट गर्दा अपनाईने मुल्यांकनका आधारहरु :-

| क्र सं | द नं | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्ययोजना ४० | पेसा/व्यसायको सम्भाव्यता/उपयुक्तता २० | अनुभव तालिम १० | महिला १० | वैदेशिक रोजगारबाट फर्केको १० | जैविक तथा प्रयावरणीय सुरक्षा विधि १० | कूल प्राप्ताङ्क १०० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मुल्यांकन समितिका पदाधिकारीहरुको :-

नाम थर :-

पद :-

दस्तखत :-

मिति :-

नाम थर :-

पद :-

दस्तखत :-

मिति:

नाम थर :-

पद :-

दस्तखत :-

मिति :-

नाम थर :-

पद :-

दस्तखत :-

मिति :-

## अनुसूची – ६

### अध्यक्षसँग युवा स्वरोजगार (युवा स्वरोजगार कोष) कार्यक्रमबाट अनुदान प्राप्त गर्ने युवाहरुले प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी

नाम :-

ठेगाना :-

२. सञ्चालित पेशा/व्यवसायको

नाम :-

ठेगाना :-

३. आ.व. :-

४. प्रगति प्रतिवेदन अवधि :-

| क स | कार्यविवरण | लक्ष | प्रगती | आईपरेका बाधा अड्चन | समाधानका लागि सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रति इकाई उत्पादित पदार्थको स्थानीय बजारको विक्रि मुल्य :-

१. ........................ २. .................................... ३. ........................................

उद्यमीको नाम :-

दस्तखत :-

मिति :-

ठेगाना :